# रामप्रसादराई, गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बैकुण्ठे, भोजपुर
# कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| खण्ड -८ | मितिः २०८२ माघ ५ गते | संख्या-५ |
|---|---|---|

भाग २

**रामप्रसादराई, गाउँपालिका**

रामप्रसादराई, गाउँपालिकाको मिति २०८२/०९/३० को निर्णयले **रामप्रसादराई गाउँपालिका भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी तयार गरिएको मापदण्ड तथा आधारहरु २०८२ र सोसंग सम्बन्धी नक्सा र कित्तागत विवरण** स्वीकृत गरेकोले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ को प्रयोजनको लागि प्रकाशन गरिएको छ।

| क्र.स | बिषय | |
|---|---|---|
| १ | रामप्रसादराई गाउँपालिका भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी तयार गरिएको मापदण्ड तथा आधारहरु २०८२ | |
| | आज्ञाले<br>आङलाक्पा तामाङ<br>प्रमुख प्रशासकीय अधिकृत | |

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# रामप्रसादराई गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू २०८२

**प्रस्तावना** : भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरूका अतिरिक्त देहाय अनुसार यस रामप्रसादराई, गाउँपालिकापालिकाको जग्गालाई भू-उपयोग वर्गीकरण क्षेत्रको लागि भू-उपयोग ऐन, २०७६ को दफा ५ को उपदफा ४ वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस मापदण्डको नाम " रामप्रसादराई गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०८२" रहेको छ।

(ख) यो मापदण्ड भू-उपयोग परिषदबाट सिफारिस भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट रामप्रसादराई, गाउँपालिका भित्र लागु हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले रामप्रसादराई, गाउँपालिकापालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रामप्रसादराई, गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको प्रयोगका लागि घर,जग्गा तथा घर संग जोडिएको वा नजोडियको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा अन्य कुनै कामका लागि प्रयोग हुने जग्गा र बसोबासको प्रयोग गर्न प्रचलित कानून बमोजीम अनुकूलित कुनै पनि क्षेत्रलाई समेत जनाउदछ।

(च) औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन उद्योगको क्षेत्रको साथै निर्माणको लागि घर, टहराले सो जग्गा समावेश सोको लागि छुट्याएको जग्गा सम्झना र शब्दले कुनै निश्चित क्षेत्रीय प्रवर्धन उद्योगको उद्देश्यले प्रचलित कानून बमोजिम विशेष आर्थिक क्षेत्रलाई समेत जनाउछ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि-बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती सहित कृषि उत्पादन, वागवानी वनबाटिका, जडिबुटी र वनको लागि प्रयोग भएको जग्गा सम्झनु पर्छ।

(ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खानी पदार्थ उत्खनन, उत्पादन, शुद्धीकरण, प्रवर्तन, सन्चय योजनाको लागि छुट्याएको क्षेत्रलाई सम्झनु पर्छ।

(झ) "तोकिए बमोजिम" भन्नाले ऐन भित्रको नियममा तोक्नु वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्रलाई सम्झनु पर्छ।

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरीएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थीत गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्दछ।

(ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतह सिधा तल पृथ्वीको केन्द्र सम्म र सतह भन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्म को भाग सम्झनु पर्दछ।

(ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्रलाई सम्झनु पर्छ।

(त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटल, प्रदर्शन कक्ष, विद्युत पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, क्षेत्रीय क्षेत्र, मनोरञ्जन सेवा, बिक्रीको आफ्नो स्थान, साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध व्यवसाय संस्था, कुनै अन्य व्यावसायिक योजना जग्गाको जग्गा पर्यटन व्यवसाय निर्माण गर्ने जग्गालाई सम्झनु पर्छ र सोले

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... भोजपुर, कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कुनै निश्चित स्थानको बजार विस्तार गर्ने गरि प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ ।

(थ) "सांस्कृतिक तथा पुरातात्विक मूल्यको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानुन बजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, चौक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, क्षेत्र, गौचर, खेलकुद मैदान, तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरीएको भवन, घर, टहरा संरचनाले ओगटेको स्थानको जग्गालाई सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित स्थानको सार्वजनिक उपयोगको क्षेत्रलाई प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई जनाउछ ।

**३. भू-उपयोग मापदण्ड निर्धारणका आधारहरु :-**

(क) विध्यमान भू-उपयोगको अवस्था,
(ख) नापी बिभागले पठाएको भू-उपयोग क्षेत्र वर्गिकरणको तथ्यांक,
(ग) सडक,बाटोको पहुच र सोको वर्गिकरण,
(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,
(ङ) वातावरण तथा विपद सम्वेदनसिलता,
(च) रामप्रसादराई गाउँपालिकाको जोखिम सम्वेदनसिल भू-उपयोग निति २०७८,
(छ) भू-उपयोग ऐन २०७६,
(ज) भू-उपयोग नियामावली २०७९,
(झ) समाजिक तथा आर्थिक पुर्वधार वितरण,
(ञ) सहरि विकास योजना/आयोजना,
(ट) Google Satellite Images,
(ठ) GIS Analysis
(ड) वडा बाट आएको राय सुझाव,
(ढ) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलिय,सर्वपक्षिय भेला बाट प्राप्त राय सुझाव ।

**४. भू-उपयोग क्षेत्र वर्गिकरण सम्वन्धी मापदण्डहरु :-**

१) हाल उपयोगमा रहेको जग्गाहरुलाई यस मापदण्ड मा उल्लेख भएकोमा बाहेक नापी बिभाग बाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यावर्ति क्षेत्रको जग्गा लाई नापी बिभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

३) साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनको लागि प्रयोग हुने जग्गा, खुला क्षेत्र, पार्कहरु समेत् (सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक) लाई साबर्वजनिक क्षेत्रको रुपमा वर्गीकरण गर्ने र सोको समुचित संरक्षण को नीति लिने ।

४) यस अघि नापी बिभाग बाट आवासिय, व्यवसायिक,औधोगिक क्षेत्र वर्गीकरण गरिएको जग्गालाई सोही अनुसार परिबर्तन गर्न सकिने ।

५) हाल उपयोगमा रहेको नदिनाला,ताल,तलैया,पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदि,खोला तथा सिमसार क्षेत्रमा वर्गीकरण गरिने ।

६) हाल उपयोगमा रहेको मठ मन्दिर, मस्जिद,गुम्बा,चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा,परावुर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा बर्गिकरण गरिने ।

७) नेपाल सरकार, उद्योग मन्त्रालयबाट गाउँपालिकाको स्वीकृत लिएर औधोगिक क्रियाकलापमा प्रयोग भएको जग्गालाई औधोगिक क्षेत्रको रुममा वर्गीकरण गरिने ।

८) हाल कायम सबै किसिमका बन, पैदावार क्षेत्र -निजि क्षेत्र वाहेकका लाई बन क्षेत्रको रुममा विर्गीकरण गरिने ।

९) हाल शैक्षिक/स्वास्थ्य गतिबिधि संचालनमा रहेका सरकारी संस्थालाई शैक्षिक/स्वास्थ्य क्षेत्रमा बर्गिकरण गरिने ।

१०) हाल चलन चल्तीमा उपयोग भैरहेको पसल,बैंक तथा वितीय संस्था,होटेल,रेस्टुरेन्ट, हाटबजार लाग्ने स्थल, चमेना गृह,खाजा तथा फास्टफुड घर,व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र , सेवा प्रदान गर्ने सरकारी तथा निजि जग्गा , निजि क्षेत्रबाट संचालित अस्पताल,विधालय,क्याम्पस,नर्सिङ्होम,पोलिक्लिनिक,रेडियो तथा टेलिभिजन ब्रोडकास्टिंग संस्था, इन्टरनेट सेवा प्रदायक संस्थालाई व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

११) साबिक नक्सा बमोजिम बगेको खोलालाई नक्सा बमोजिम कै खोला क्षेत्र र यथाअवस्थामा बगेको खोला लाई पनि खोला क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

१२) अब उप्रान्त यस गाउँपालिका क्षेत्रको कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९को दाफ १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्युनतम ६७५/०० वर्ग मिटर र आवासको रुममा न्युनतम १३० वर्ग मिटर नघट्ने गरि किताकाट गर्न सकिने छ र घडेरी को हकमा कम्तिमा १० मि. चौडाई बाटो कायम हुने गरि लगतकट्टा गर्नु पर्नेछ र घर निर्माण गर्दा सडकको चौडाई अनुसार कम्तिमा २ देखि ३ मिटर सम्म सेडब्याक जग्गा छोड्नु पर्नेछ ।

१३) जग्गाको मुल्यांकन गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ साथै कृषि तथा पशुपन्छि उत्पादन क्षेत्रमा गाउँपालिका बाट दिइने सेवा सुबिधाको दायरा बढाइने छ ।

१४) कृषि/गैर कृषि क्षेत्रको व्यक्तिको जग्गाधनी दर्ता प्रमाण पुर्जामा प्रविष्ट कित्तानापीमा आधारित गर्नु पर्ने भएकोले जोनिन्ग मार्जिनामा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५०% भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

१५) पूर्णरुपमा मापदण्ड बमोजिम लगातकट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसार सडक भएका सडकहरुको हकमा मात्र फिल्ड निरिक्षण गरेर प्राबिधिक प्रतिबेदनको आधारमा मात्र कित्ताकाट सिफारिस गरिनेछ ।

१६) माथि उललेखित तथा बिस्तृत रुपमा रामप्रसादराई गाउँपालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाए बमोजिम क्षेत्रमा वर्गीकरण गर्ने :-

| वडा नं. | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | आवासीय क्षेत्र | साबिक १ नं. वडा देखि ९ नं. वडाका टोलहरु भिराले, पखुवा, चेवा, रोक्तवा, फलामखानी, फुलेलि, खेना,बान्ताङ, बवालुङ, हर्बु, खकौला, डाडाखर्क, ओखे, तल्लो ओखे । | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यी क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु । | |
| | व्यवसायिक क्षेत्र | डाँडाखर्क सहिदगेट देखि वान्ताङ स्कूलडाडा सम्म मेनसडकको तलमाथी १००/१०० मिटर ओगट्ने जग्गाहरु । | |
| | सांस्कृतिक तथा पुरातात्विक महत्तवको क्षेत्र | छयागी ग्लाल्वो चोमदन्दे गुम्वा चापावोटे, साकेला चन्डिथान खेना, कुन्दुम हाङचेवा सिंहदेवी साकेला वान्ताङ,जाल्पा देवीथान तुनथला,जाल्या देवी खानी,हुर्बु चण्डिथान, खानीडाडा बौद्ध,सिंहदेवी थान वालकन्या हुर्बु, वान्ताङ बौद्ध गुम्वा, भन्ज्याङ गुम्वा, डाडाखर्क गुम्वा, बत्तिसा मण्डलि हुर्बु । | |
| | पर्यटकिय क्षेत्र | सावित्रा देवी हुर्बुभन्ज्याङ,पखुवा देवीथान पखुवा, दागबुङ पदमार्ग ओखे, बतासे देखि कपासे भन्ज्याङ सम्म, सिंहदेवी सिकेताङ खेना । | |
| | सार्वजनिक उपयोगको क्षेत्र | वडा क्षेत्र भित्रका विद्यालयहरु सबै, वडा कार्यलय स्वास्थ्य चौकी, प्रहरी चौकी, सामुदायिक भवनहरु, खेलमैदान खोलिटार, वडा क्षेत्र भित्र पर्ने सबै खेलमैदानहरु, नालिखा भेरीखोर सामुदायिक वन वान्ताङ, चापावोटे सामुदायिक वन खानी, अरिगाले सामुदायिक वन तल्लो ओखे, वडा क्षेत्र भित्रका गुम्बाहरु सबै । | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | आवसिय क्षेत्र | वाडा देखि लामाक सम्म खातङ्ग देखि बतासे सम्म,सिकिताङ्ग खोला देखि मिन तामाङ्गको घर सम्म, निर वहादुर भुजेलको घर देखि बाबुराको खेत सिमाना सम्म, फिलुङगेटार देखि सुर्य तामाङ्गको घरसम्म, फिलुङगेटार देखि पंच्चकन्या सम्म, दिल वाहादुर गिरीको घर देखि ओखे सिमाना सम्म । | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु कृषि क्षेत्र । | |
| | व्यवसायिक क्षेत्र | पमाखाम भन्ज्याङ्ग | |
| | औद्योगिक क्षेत्र | चिया कलकारखाना बतासे भन्ज्याङ्ग | |
| | धर्मिक सांस्कृतिक तथा पुरातात्विक महत्तवको क्षेत्र | नागछाञ्जा, बोजेनी गुम्बा, चन्डी थान, पन्चकन्या थान, लालिखाम देवी थान, मगर कुल पुजा मन्दिर,पामाखाम गढि | |
| | सार्वजनिक उपयोगको क्षेत्र | स्वास्थ्य कार्यलय,विद्यालयहरु, वडा कार्यलय सामुदायिक भवनहरु | |
| | पर्यटकीय क्षेत्र | नागछाञ्जा, पामाखाम गढि देखि वतासे सम्म । | |
| | खानी क्षेत्र | नाहेन्द्र रानाको घर देखि चमार सम्म -तामा, फलाम खानी) | |
| ३ | व्यवसायिक क्षेत्र | वडा कार्यालयको पश्चिमको खोल्साबाट भुल्के वजार हुदै देवाली खोला सम्मका | |
| | आवसीय क्षेत्र | वडा कार्यालयको पश्चिमको खोल्साबाट कर्कले खोला सम्म, भट्टराईको मुर्ति देखि च्याँन डाँडाको वर सम्मको क्षेत्र, लिला कुमारी भट्टराईको घर देखि माधव निरौलाको घुम्ती सम्म | |
| | पर्यटकिय क्षेत्र | गैयादेवी पदमार्ग, सहिद गेट,गुप्तेश्वर मन्दिर | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु | |
| | धर्मिक साँसकृति तथा पुरातात्विक महत्वको क्षेत्र | गुप्तेश्वर मन्दिर, भट्टराईको देवाली थान, खड्काको देवाली थान, गुम्वा, गैयादेवी थान,देवीथान कमलको घर छेउमा, चण्डी थान, दथिनी देवी थान, तिन धारा, जाल्पा देवी थान | |
| | सार्वजनिक उपयोगको क्षेत्र | स्वास्थय कार्यालय, वडा कायौलय, विद्यालयहरु, गैयादेवी भवन, पानधारे, तिन धारे, दहाल धारा,लम्साल मुल | |
| ४ | व्यवसायिक क्षेत्र | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | आवासिय क्षेत्र | साविक वडा नं. १ प्रधानडाँडा देखि चिरुवादुङ्गा, शिवालय मन्दिर, दलगाउँ प्रा.वि हुदै ४ नं. वडा कार्यालय सम्म, साविक वडा नं. ३ राम बहादुर तामाङ्ग घर देखि सिंहदेवी चौक हुदै रमिते डाँडा सम्म, साविक वडा नं. ४ श्री नवदुर्गा मा.वि. दुखि भुजेली डाँडा हुदै भुल्के मोड सम्म र साविक टोल नं. ५ ध्यान बहादुर राईको घरमुनि देखि चन्डिका प्रा.वि. हुदै भुल्के मोड सम्म र साविक टोल नं. ६ फौद सिं कार्कीको घरदेखि देउकुमार बि.क को घर सम्म | |
| | औद्योगिक क्षेत्र | | |
| | धर्मिक सास्कृति तथा पुरातात्विक महत्वको क्षेत्र | बेहेरेशर महादेव थान, भुजेली थान, सर्वेश्वर महादेव थान, | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु | |
| | सार्वजनिक उपयोगको क्षेत्र | विद्यालय क्षेत्र,वडा कार्यालय, स्वास्थ्य चौकी र प्रहरी चौकी सबै | |
| ५ | व्यवसायिक क्षेत्र | कमला तामाङको घर देखि वडा कार्यालय हुदै पशुपति बोडिङ स्कुलसम्म | |
| | आवासिय क्षेत्र | सि.टि.भि.टी. देखि तुन्ताङ टोल सम्म, डडुवा कात्तिके देखि फलाटेटोल सम्म | |
| | औद्ययोगीक क्षेत्र | हनुमान मन्दिर(पुर्वारी टोल कृष्णपुर) गतहा घाट देखि दक्षिन रेडक्रस भवन सम्मको मुख्य सडक खण्डको मुख्य सडक वाहेक पशिचम(बायाँ) १५० मिटर सम्मको क्षेत्र । | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु | |
| | धर्मिक,सांस्कृतिक तथा पुरातात्तिवक महत्वको क्षेत्र | जाल्पादेवी मन्दिर शिवालय मन्दिर, हिमाङ्ग मन्दिर | |
| | सार्वजनिक उपयोगको क्षेत्र | वडा कार्यालय,स्वास्थ्य चौकि,वन कार्यालय,प्रहरी चौकी,विद्यालयहरु, सामुदायिक भवनहरु | |
| | पर्यटकिय क्षेत्र | शिवालय पदमार्ग,लामाडाडा | |
| ६ | व्यवसायीक क्षेत्र | ट्रान्सफर्मरडाडाँ देखि १५० मिटर सडकको दाँया र वायाँमा पर्ने पुरानो तृतिया बजार सम्म | |
| | आवासिय क्षेत्र | वाडा देखि लामक सम्म, खाताङ्ग देखि बतासे सम्म,सिकिताङ्ग खोला देखि मिन तामाङ्गको घर सम्म,निर बहादुर भुजेलको घर देखि बाबुरामको खेत सिमाना सम्म,फिलुङगेटार देखि सुर्य तामाङ्गको घर सम्म, फिलुङगेटार देखि पंच्चकन्या सम्म,दिल बाहादुर गिरीको घर देखि ओखे सिमाना सम्म | |
| | पर्यटकीय क्षेत्र . | गंगाखोला धाम, नागछाँगा,गोल्माराजा गोल्मारानी भीर, थाम डाँडा, फिन्तुराङ झरना, महभीर झरना, कन्यदह सिंहथुम्का | |
| | सांस्कृतिक क्षेत्र | बैकुण्ठे महादेव थान साविक ९, चिलनउनेटार शिव मन्दिर, छापगाउँ चण्डी थान भालेदुङ्गा देविथान, भामला देवी थान, | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | जलकन्या देवीथान छापागाउँ पन्चकन्या देवी थान डाडा गाउँ, सावित्रा देवीथान,सिहदेवी थान बैकुण्ठे, जलकन्या बैकुण्ठे । | |
| | सार्वजनिक क्षेत्र | वडा भित्रका विद्यालयहरु सबै, स्वास्थ्य संस्था, प्रहरी चौकी, गाउँपालिकाको प्रशासनिक भवन तथा जग्गा । | |
| | कृषि | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु । | |
| ७ | व्यवसायीक क्षेत्र | वडा कार्यालय देखि जननायक चोक भएर अस्थायी प्रहरी चौकी सम्म । | |
| | आवासिय क्षेत्र | दलदलले देखि वाकाराङ्ग विष्णु कुमार राईको घर हुदै भुइदल डाँडा, याङवाक, आरी खोला सम्म, वडा कार्यालय देखि राक्स्वा वडा नं. ८ को सिमाना सम्म जननायक चोक देखि विधाधरी प्रा.वि. कमलटार सम्म दाँया बाँया १०० मिटर सम्म । | |
| | सांस्कृतिक क्षेत्र | युपुङ्ग थान, सिंहदेवी मन्दिर, जल्पादेवी थान, भुमिदेवी थान, महादेव थान । | |
| | पर्यटकिय क्षेत्र | माङछामालुङ्ग, चोकोरिमा लुङ्ग, पदमार्ग । | |
| | सार्वजनिक क्षेत्र | स्वास्थ्य कार्यालय, विद्यालयहरु, वडा कार्यालय, प्रहरी चौकी, सामुदायीक भवनहरु । | |
| | कृषि क्षेत्र | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु । | |
| ८ | आवासिय क्षेत्र | खकल्ला टोल देखि दलदले खोक्सिक कृषि सडक दायाँ बायाँ पुर्वमा राम साद राईको घर सम्म पश्चिममा जाल्पादेवी थान सम्म, उतरमा काजीमान राईको घर सम्म, दक्षिणमा जलसिद्ध प्रा.वि. सम्म, योङखिम टोल देखि दलदले खोक्सिक सडक दायाँ बायाँ पुर्वमा सिर्जा कुमारी राइको घरसम्म, पश्चिमा सेती माया राईको घर सम्म,उतरमा दिनेश राईको घर सम्म, दक्षिणमा विर बहादुर राईको घर सम्म,वाचेत्लुम्पा पुर्वमा हर्कराज राईको घर सम्म,पश्चिमा राजन राईको सम्म,उतरमा गोर्ख बहादुर राईको घर सम्म,दक्षिणमा प्रकाश राईको घर सम्म,भञ्ज्याङ टोल देखि किराँत चोक देखि माङथाना डाँडासम्म, किराँत चोक देखि हर्कराज राइको घरसम्म, किराँत चोक देखि बाचिधन राईको घर सम्म । | |
| | साँस्कृतिक क्षेत्र | योङखिम चण्डिथान, खोक्सिक चण्डिथान, कुन्चक्वा चण्डिथान, जाल्पा देवी मन्दिर, सिंह देवी मन्दिर, पखुवा देवीथान, जलकन्या देवी थान । | |
| | सार्वजनिक क्षेत्र | स्वास्थ्य कार्यालय वडा कार्यालय, विद्यालयहरु, सामुदायिक भवनहरु । | |
| | पर्यटकीय क्षेत्र | वाक्चाखा गुराँस पदमार्ग, माङथान चकमालुङ पदमार्ग, पाली डाँडा | |
| | कृषि | आवासिय क्षेत्र,व्यावसायिक क्षेत्र, सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,सार्वजनिक उपयोग क्षेत्र यि क्षेत्रहरुमा नपरेका वडा क्षेत्रभित्र पर्ने सबै जग्गाहरु । | |
| | व्यवसायीक क्षेत्र | माङथाना डाँडा देखि किरात चौक,किरात चौक देखि रितुपानी | |

प्रमुख प्रशासकीय अधिकृत

१७) माथि उल्लेखित बहेकका सम्पूर्ण जग्गा हरु हाल नापी विभागले तोकीएको अनुरुप नै रहने छ ।

१८) हाल नक्सा पास भएर बनिसकेका घरहरु, नयाँ थपिएका नयाँ बाटाघाटो र अन्य क्षेत्रहरु जुन माथि उल्लेखित बुंदाहरुमा हुन सकेका छैनन्, त्यस्ता सम्पुर्ण क्षेत्रहरु Google satellite लाई अधारमानि digitize गरि नापी विभागले दिएको GIS Data मा Update गरिनेछ र भू-उपयोग क्षेत्रको अन्तिम नक्सा तयार हुनेछ ।

१९) यो मापदण्ड तथा आधारहरु, भू-उपयोग ऐन २०७६,भू-उपयोग नियमावली २०७९को आधारमा रामप्रसादराई गाउँपालिका लाई व्यबस्थित गर्न नापी विभागले दिएको DATA लाई GIS System को माध्यमा अध्यावधिक गर्ने प्रकिया अगाडी बढाइनेछ ।

२०) **मापदण्डको संशोधन** :- भू-उपयोग परिषदको सिफारिसमा गाउँ कार्यापालिकाले आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।


२१) **बाधा अड्काउ** :- यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भू-उपयोग परिषदले बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Ramprasad Rai Gaupalika

# Present Landuse Map

Bhojpur District




| रामप्रसाद राइ गाउपालिका | |
|---|---|
| भू उपयोग वर्गीकरण | जम्मा क्षेत्रफल (हेक्टर) |
| कृषि क्षेत्र | ३८८३९.[illegible]३ |
| आवास क्षेत्र | ६५८६६.१० |
| व्यावसायिक क्षेत्र | ११८०.३० |
| औधोगिक क्षेत्र | ३.५३ |
| नदि तथा ताल तलिया क्षेत्र | ३९२.५० |
| सार्वजनिक क्षेत्र | २७२०५.८० |
| धार्मिक तथा सास्कृतिक क्षेत्र | ११५०.०२ |
| जंगल क्षेत्र | १४९९४.३४ |
| जम्मा क्षेत्रफल (हेक्टर) | १४९६९६.५० |

Coordinate System: NEPAL MUTM CM 87 EVEREST 1830
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 87.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter


रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Ramprasad Rai Gaupalika

# Present Landuse Map Of Ward No. 1

Bhojpur District




**Legend**

- Ward Boundary
- AGR
- RES
- COM
- IND
- HYD
- PUB
- CULARCH
- FOR
- OTH


Coordinate System: NEPAL MUTM CM 87 EVEREST 1830
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 87.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

0 625 1,250 2,500 M

1 CM = 350 M


रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैंकुण्ड, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत





रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल


प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत




प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत





रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल


प्रमुख प्रशासकीय अधिकृत




प्रमुख प्रशासकीय अधिकृत




प्रमुख प्रशासकीय अधिकृत




रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत